# नेपाल आयल निगम लिमिटेडको
## प्रेस विज्ञप्ती

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर रुपमा भईरहेको वृद्धिले गर्दा इण्डियन आयलबाट प्राप्त हुने मूल्य पनि बृद्धिभई आउने र नेपाल आयल निगमले खरिद गरी बिक्री वितरण गरिरहेको पेट्रोलियम पदार्थको मूल्यमा तदनुरुप समायोजन गर्न नसक्दा चरम घाटा सृजना भै नगद प्रवाहको अभाव हुन गएबाट उपभोक्ताको माग र आवश्यकतानुरुप पेट्रोलियम पदार्थ आयात गरी आपूर्ति गर्न नसकिरहेको यथार्थतासंग सबै उपभोक्ता परिचित हुनुहुन्छ । यी सबै पक्षलाई गम्भीर रुपमा बिचार गरी बजारमा पेट्रोलियम पदार्थको आपूर्ति सहज र सुलभ तुल्याउन निगमले पेट्रोलियम पदार्थको मूल्यमा अन्तर्राष्ट्रिय बजार मूल्य अनुरुप क्रमिक रुपमा समायोजन गर्दै लगी अन्ततोगत्वा स्वतः मूल्य समायोजन संयन्त्रलाई लागू गरी संस्थागत गर्नुको बिकल्प देखिएन । निगमको कमजोर आर्थिक अवस्थाले गर्दा निगमका डिपोहरुको स्टक अत्यन्त न्यून विन्दुमा पुगेको, निगमसंग तरलताको अभावमा बजारको माग अनुसार पेट्रोलियम पदार्थको आपूर्ति गर्न नसकि उपभोक्तालाई सर्वसुलभ तरिकाले पेट्रोलियम पदार्थ उपलव्ध गराउन नसक्ने अवस्था विद्यमान छ ।

निगमलाई इण्डियन आयल कर्पोरेशनबाट प्राप्त १६ जनवरी २००८ को पछिल्लो मूल्य तालिका अनुसार पेट्रोलमा प्रति लिटर रु.०।५४, मट्टितेलमा प्रति लिटर रु.६।९२, डिजेलमा प्रति लिटर रु.१०।५२, एल.पि.ग्याँसमा प्रति सिलिण्डर रु.३८०।२८ घाटा हुन गै मासिक घाटा कूल रु.६०.४६ करोड देखिएको छ ।

निगमले विश्व बजारको मूल्य अनुरुप मूल्य समायोजन गर्न नसकिरहेको तर बड्दो घाटा पूर्ति गर्न र पेट्रोलियम पदार्थको आपूर्ति सहज र सुलभ तुल्याउन तत्काल अन्य विकल्प नभएकोले बाध्य भै मूल्य समायोजन गर्नु परेको छ । यस बमोजिम निगमले मट्टितेलमा प्रति लिटर रु.९।४८, डिजेलमा प्रति लिटर रु.५।०२ र एल.पी.ग्याँसमा प्रति सिलिण्डर रु.१५०।- को दरले निगमको डिपोहरुको थोक मूल्यमा मूल्य समायोजन गर्ने निर्णय भएको छ । खाना पकाउने ग्याँस निगमले ग्याँस उद्योगहरुलाई विक्री गर्ने थोक मूल्य रु.१,०३२।९० प्रति सिलिण्डर कायम गरेको छ र वजारको खुद्रा विक्री मूल्य काठमाण्डौको लागि रु.१,२५०।- तोकिएको छ । तराईका पूर्व झापा देखि पश्चिमका रुपन्देही सम्मका जिल्लाहरुमा काठमाण्डौको मूल्य भन्दा प्रति सिलिण्डर रु.२०।- कम हुनेछ । अन्तर्राष्ट्रिय वजार भाउलाई ध्यानमा राखी हाल मूल्य वृद्धि गरिएको भएतापनि अन्तर्राष्ट्रिय मूल्य घटेमा तदनुसार मूल्यमा कमी ल्याउने नीति निगमले अंगीकार गरेको छ । यो निर्णय मिति २०६४/१०/०७ को मध्य राती देखि लागू हुनेछ ।

हाल अन्तर्राष्ट्रिय मूल्य अत्यन्त उच्च विन्दुमा रहेकोले माथि उल्लेखित मूल्य वृद्धिबाट पनि घाटा पूर्ति हुने अवस्था छैन । यो मूल्य निर्धारण पछि पनि निगमलाई डिजेलमा प्रति लिटर रु.६।०८ पैसा, पेट्रोलमा रु.०।५४ र एल.पी.ग्याँसमा प्रति सिलिण्डर रु.२३०।२८ नोक्सानी विद्यमान छ । उपरोक्त मूल्य वृद्धि पछिपनि निगमलाई मासिक रु.२३ करोड घाटा भैरहेको स्थिति छ । अन्तर्राष्ट्रिय मूल्य वृद्धिको अनुपातमा समय समयमा मूल्य निर्धारण गर्न नसक्दा आर्थिक दायित्व थपिदै गई अन्तत त्यसको असर आमउपभोक्तामा पर्ने कुरा सर्वविदितै छ ।

मट्टितेल न्यून आय भएका विपन्न बर्गले प्रयोग गर्ने भनिएको भएतापनि मट्टितेलको कूल खपतको ८० प्रतिशत ठूला होटल, उद्योग कर कारखाना र ट्रकबस जस्ता सवारी साधनहरुले सिधै मट्टितेल प्रयोग गरिरहेको र डिजेलमा अत्यधिक मात्रामा मिसावट समेत हुने गरेको देखिएको छ । यसले २० प्रतिशत मात्र खास न्यून आय भएका वर्गले उपयोग गर्ने गरेकोले निगमले डिजेल र मट्टितेलको मूल्य बराबर कायम गर्ने निर्णय गरेको छ । मूल्य वृद्धिको असरबाट निम्न आय भएका अति विपन्न वर्गलाई कमभन्दा कम असर परोस भनी अति विपन्न वर्ग र विद्यार्थीहरुलाई मट्टितेल र ग्याँसमा नेपाल सरकारबाट निर्णय भए बमोजिम निगमले नगद राहत उपलव्ध गराउने निर्णय गरेको छ । सरकारले निगम मार्फत अति विपन्न वर्ग र विद्यार्थीहरुलाई मूल्य वृद्धिको असरबाट केहि हदसम्म राहत पुऱ्याउन अति विपन्न वर्ग प्रति परिवारलाई मट्टितेलमा मासिक रु.५०।- र विद्यार्थीहरुलाई प्रति सिलिण्डर खाना पकाउने ग्याँसमा मासिक रु.१००।- नगद स्वरुप राहत दिने निर्णय गरेको छ । यस सम्बन्धी कार्यविधीको सूचना निगमले चाँडैनै राष्ट्रिय स्तरका संचारमाध्यहरुबाट प्रकाशित गर्ने छ ।

यसको अलावा निगमको प्रशासनिक खर्च कटौती गर्न, नोक्सानी घटाउन र आन्तरिक सुधार गर्नका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको पहलमा आवश्यक कार्यहरु भैरहेको छ । साथै डिजेल र मट्टितेलको मूल्य समायोजन भएपछि उपभोक्तामा मूल्य वृद्धिको थप भार पर्न जाने कुरालाई विचार गरी Shrinkage, ढुवानी भाडा, कमिशन र Working Loss मा साविकमा लिई आएको खुद रकममा नबढाई डिलरहरुले खुद्रा मूल्य कायम गर्न नेपाल पेट्रोलियम डिलर्स एशोसिएशन र डिलरहरुलाई आव्हान गरिएको छ ।

हालैका महिनाहरु नोभेम्बर, डिसेम्बर र जनवरीमा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार मूल्य अति उच्चतम विन्दुमा रहेको तथ्य सबैलाई विदितै छ । हालसालै क्रुड आयलको मूल्य अन्तर्राष्ट्रिय वजारमा १०० डलर प्रति व्यारेल पुगेर केही घटेको छ र डिजेल, मट्टितेल जस्ता प्रशोधित पदार्थहरुको अन्तर्राष्ट्रिय वजार मूल्य ११० डलर प्रति व्यारेल भन्दा बढी कायम हुन गई हाल केही घटेको देखिएको छ । अतः आम उपभोक्ता, विभिन्न राजनैतिक पाटीहरुका साथै विद्यार्थी समुदाय लगायत सम्बन्धित सबैले अन्तर्राष्ट्रिय वजारको यो कठिन अवस्थालाई आत्मसात गरी सहज ढंगमा पट्रोलियम पदार्थ आपूर्ति गर्ने कार्यमा निगमलाई सहयोग पुऱ्याईदिन सम्बन्धित सबै पक्षसंग हार्दिक अनुरोध गरिन्छ । पेट्रोलियम पदार्थको मूल्यमा गरिएको समायोजनलाई सर्वसाधारणबाट सहज रुपमा लिई दिनुहुन समेत नेपाल आयल निगम हार्दिक अनुरोध गर्दछ ।

# नेपाल आयल निगम लिमिटेडको हालको घाटा स्थिति

१६ जनवरी २००८ को इण्डियन आयल कर्पोरेशनको रक्सौलको पेट्रोलियम पदार्थको खरीद मूल्यको आधारमा निगमको लागत एवं घाटाको विवरण निम्नानुसार रहेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :

| विवरण | पेट्रोल | डिजेल | मट्टितेल | एल.पि.जि. |
|---|---|---|---|---|
| | रु प्रति लिटर | रु प्रति लिटर | रु प्रति लिटर | रु प्रति सिलिण्डर |
| **खरिद र परल मूल्य** | | | | |
| १६ जनवरी २००८ अनुसारको रक्सौलको खरीद मूल्य ने.रु | ४७.४२ | ५०.८८ | ५०.३९ | १००८.१२ |
| सम्पूर्ण सरकारी राजस्व (मु.अ.क. सहित) | २६.३७ | ११.४३ | २.१० | २३६.३७ |
| **वीरगंज सम्मको लागत मूल्य** | **७३.७९** | **६२.३१** | **५२.४९** | **१२४४.४९** |
| ढुवानी भाडा रक्सौल – काठमाण्डौ | १.४६ | १.४६ | १.४६ | ०.०० |
| कर्मचारी तलब र भत्ता खर्च | ०.२२ | ०.२२ | ०.२२ | ३.१२ |
| कार्यालय संचालन मर्मत सम्भार खर्च | ०.१३ | ०.१३ | ०.१३ | ३.१२ |
| ह्रास कट्टी तथा विविध | ०.०९ | ०.०९ | ०.०९ | ०.०० |
| तेल विमा खर्च | ०.०९ | ०.०८ | ०.०७ | ०.०० |
| प्राविधिक नोक्सानी (श्रृंकेज तथा वर्किङ्ग लस) | ०.६० | ०.५१ | ०.४४ | ०.०० |
| ऋणमा व्याज खर्च | ०.६८ | ०.५७ | ०.५५ | १२.४४ |
| **काठमाण्डौ सम्मको परल मूल्य रु (मू.अ.क. बाहेक)** | **६८.१९** | **५७.८५** | **५५.४५** | **१११२.०६** |
| **काठमाण्डौ सम्मको परल मूल्य रु (मू.अ.क. सहित)** | **७७.०६** | **६५.३७** | **५५.४५** | **१२६३.१८** |

**हालको विक्री मूल्य मिति २०६४/१०/०७ मा वृद्धि**

| | | | | |
|---|---|---|---|---|
| काठमाण्डौ डिपोको विक्रेता मूल्य रु (मू.अ.क. बाहेक) | ६७.६५ | ५१.७७ | ५८.०० | ९१४.०७ |
| मूल्य अभिवृद्धि कर | ८.८० | ६.७३ | ०.०० | ११८.८३ |
| **काठमाण्डौ डिपोको थोक मूल्य रु (मू.अ.क. सहित)** | ७६.४५ | ५८.५० | ५८.०० | १०३२.९० |
| **निगमलाई घाटा रु प्रति लिटर र प्रति किलो (मू.अ.क. बाहेक)** | **-०.५४** | **-६.०८** | **२.५५** | **-२३०.२८** |
| पुस महिनामा खपत हुने अनुमानित परिमाण कि.लि. र मे.टन | १२००० | ३६००० | १२००० | ११००० |
| **निगमलाई मासिक घाटा कुल ने.रु** | ६४ लाख ९३ हजार | २१ करोड ९० लाख | ३ करोड ६ लाख | १७ करोड ८३ लाख |
| **हवाई इन्धनको कुल नाफा रु. (७,५०० कि.लि.)** | **रु १३ करोड ६८ लाख** | | | |
| **१६ जनवरी २००८ को आइ.ओ.सी. प्राइसिङ्ग अनुसार निगमको मासिक नोक्सानी (हवाई इन्धनको नाफा समेत गरी)** | **रु २३ करोड ६३ लाख** | | | |

नोट : १) इण्डियन आयल कर्पोरेशनसंगको खरिद मूल्य पेट्रोल र डिजेलको महिनामा २ पटक र मट्टितेल, हवाई इन्धन र एल.पी.ग्याँसको महिनामा १ पटक परिवर्तन हुने गर्दछ । जुन मूल्य पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य घटबढसंगै घटबढ हुने गर्दछ ।

२) पेट्रोलियम पदार्थ खरीद तथा भुक्तानीको लागि निगमले हालसम्म नेपाल सरकार, वित्तिय संस्थाहरु र विभिन्न वाणिज्य बैंकहरुसंग लिएको ऋण रु.७ अरब ७९ करोड रहेको छ ।

३) इण्डियन आयल कर्पोरेशनलाई डिसेम्बर २००७ को अन्त सम्ममा भुक्तानी गर्न बाँकी रकम रु.२ अरब २४ करोड रहेको छ । सो बापत रु.२४ करोड प्रति महिना भुक्तानी गर्नु पर्ने हुन्छ ।

४) १ मे.टन एल.पी.ग्याँस बराबर ७०.४२ सिलिण्डर मानिन्छ । एल.पी.ग्याँसको घाटा मु.अ.कर सहित देखाईएको छ ।

**पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य मासिक औसत यु.एस.डलर प्रति ब्यारेल**
**(Average of Platts Singapore Price, Finished Products US$/Barrel) :**

| पदार्थ | जुलाई २००७ | अगष्ट २००७ | सेप्टेम्बर २००७ | अक्टोबर २००७ | नोभम्बर २००७ | डिसेम्बर २००७ | जनवरी १५, २००८ सम्मको औसत |
|---|---|---|---|---|---|---|---|
| पेट्रोल | ८४.२८ | ७५.९७ | ८१.३७ | ८७.४७ | ९८.९६ | ९६.३१ | १०२.२४ |
| डिजेल | ८८.३० | ८५.३६ | ९२.८४ | ९७.३७ | ११०.२१ | १०८.४२ | १११.०१ |
| मट्टितेल | ८७.२८ | ८४.११ | ९०.४६ | ९६.७३ | ११२.९५ | १०७.९४ | १०९.४१ |